४१. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागि रु.१ अर्ब ७८ करोड ७ लाख विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**उद्योग, वाणिज्य, यातायात र रोजगारी**

४२. प्रदेशमा स्वरोजगारी र रोजगारीका अवसर सिर्जना गर्न उद्यमशील लुम्बिनी अभियानलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ। यसका लागि महिला, दलित लगायत स्वदेशमै उद्यम गर्न इच्छुक व्यक्ति तथा संस्थालाई स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलताका कार्यक्रमहरूमा प्रोत्साहन गर्न उद्यम विकास कोषको विस्तार गरी वीउ पुँजी, कर्जाको सहज उपलब्धता र सुरक्षण तथा ब्याज सहुलियत प्रदान गर्ने व्यवस्था मिलाएको छु। उक्त कार्यक्रमका लागि रु ५२ करोड विनियोजन गरेको छु। निश्चित कार्यविधिका आधारमा प्रदेश सरकारका विभिन्न निकायहरुबाट कार्यान्वयन हुने यस कार्यक्रम मार्फत कम्तिमा १ हजार जनालाई स्वरोजगारी र ५ हजार जनालाई रोजगारीको अवसर सिर्जना हुने विश्वास लिएको छु।

४३. लुम्बिनी प्रदेशलाई उद्योग स्थापना र सञ्चालनको आकर्षक गन्तव्यको रुपमा विकास गर्न मदिराजन्य र सुर्तीजन्य बाहेकका सबै प्रकारका उद्योग दर्ता र नवीकरणमा हालसम्म लिइँदै आएको दस्तुरलाई पूर्ण रुपमा छुट दिई निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाएको छु। यसबाट प्रदेशमा सकारात्मक औद्योगिक

वातावरण सृजना भई उत्पादन, रोजगारी लगायतका समग्र आर्थिक क्रियाकलापमा थप टेवा पुग्ने विश्वास लिएको छु।

४४. स्थानीय सामाग्रीको प्रयोग गरी वस्तुको उत्पादन तथा उपभोगमा विस्तार गर्न उत्पादनमा आधारित अनुदान प्रणालीको आरम्भ गरिनेछ। यस प्रदेशमा उत्पादन हुने अल्लोको रेशा तथा कपडामा निश्चित मापदण्डका आधारमा अनुदान उपलब्ध गराउन बजेट विनियोजन गरेको छु ।

४५. श्रम बजारमा उपलब्ध जनशक्तिको सीप तथा बजारको मागमा रहेको अन्तरलाई संवोधन गर्न तालिम पश्चात रोजगारी सुनिश्चित हुने गरी बुटवल टेक्निकल इन्स्टिटच्यूट मार्फत तालिम प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने प्रकृतिका विभिन्न सीप विकास तथा क्षमता विकास तालिम र प्रविधि हस्तान्तरण कार्यक्रमको लागि रू ९ करोड विनियोजन गरेको छु।

४७. उपभोक्ताको हितलाई मध्यनजर गरी प्रदेशका सबै जिल्लामा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउनुका साथै उपभोक्ता हित सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु।

४८. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको सहकार्यमा वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह, न्यायमा पहुँच तथा वित्तीय साक्षरता प्रदान

गर्दै सहजकर्ता तथा आप्रवासी श्रमिक सञ्जालहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रू १ करोड ३८ लाख विनियोजन गरेको छु।

४९. यातायात व्यवस्था कार्यालयहरुबाट प्रदान गरिँदै आएको सेवालाई सूचना प्रविधिमा आवद्ध गर्दै सबै अभिलेखहरुलाई बिद्युतीय प्रणालीमा अभिलेखीकरण र रुपान्तरणको लागि सवारी साधन सम्बन्धी अभिलेख डिजिटाइज गर्न आवश्यक व्यवस्था गरेको छु।

५०. सवारी चालक अनुमतिपत्रको छिटो छरितो छपाइ तथा वितरण गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रु २ करोड २५ लाख विनियोजन गरेको छु।

५१. सवारी दुर्घटना न्यूनीकरण गर्न सवारी चालक, समुदाय र विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै सार्वजनिक सवारी साधनका उत्कृष्ट चालकहरुलाई पुरष्कृत गर्ने व्यवस्था मिलाएको छु। सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सवारी साधनमा जिपिएस ट्र्याकिङ तथा सिसि क्यामेरा जडान गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

**माननीय सभामुख महोदय,**

**भाषा, संस्कृति तथा पर्यटन**

५२. प्रदेश भित्रका पर्यटकीय गन्तव्य स्थलका रुपमा रहेका प्राचीन स्मारक तथा पुरातात्त्विक, धार्मिक एवम् साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्न

डिजिटल अभिलेखीकरण कार्यका लागि आवश्यक वजेट विनियोजन गरेको छु। आरोग्य पर्यटन प्रवर्द्धनको लागि विभिन्न पर्यटकीय तथा पर्यावरणीय रुपले उपयुक्त क्षेत्रमा बजेट विनियोजन गरेको छु।

५३. प्रदेशभित्रका मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीतको संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन कार्य अगाडि वढाइनेछ।

५४. अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकास्थित ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वको अर्घा दरबारमा साँस्कृतिक संग्रहालय स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. दंगीशरण राजाको इतिहास संरक्षण र प्रवर्द्धनको लागि सुकौरा पर्यटकीय स्थलको पूर्वाधार निर्माण र थारु सङ्ग्रहालय निर्माणको लागि रु ४ करोड विनियोजन गरेको छु।

५६. पर्यटन क्षेत्रमा ठूला पूर्वाधार निर्माण गर्न प्याराडाइज वोटानीकल पार्क, घोराही दाङ र फुटाहा ताल पर्यटकीय क्षेत्र प्रवर्द्धनको लागि रू ११ करोड विनियोजन गरेको छु।

५७. रामेश्वरम् शालग्राम मन्दिरको पूर्वाधार विकास मार्फत रुरुक्षेत्रमा पर्यटन प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई प्रदेशको आर्थिक सम्वाहकको रुपमा विकास गर्न रु २ करोड २० लाख विनियोजन गरेको छु।

५८. पर्यटकीय पूर्वाधार तथा संस्कृति प्रवर्द्धन अन्तर्गत विगत वर्षमा निर्माण शुरु भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरू सम्पन्न गर्नको लागि रू २० करोड विनियोजन गरेको छु।

५९. प्रसिद्ध धार्मिक स्थल सुपादेउराली देखि स्वर्गद्वारीसम्मको पर्यटकीय मार्ग स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै रिडीको ऋषिकेशव धामको साँस्कृतिक प्रवर्धन गर्न महास्नान कार्यक्रमका साथै रुरु रेसुङ्गा धार्मिक पर्यटकीय मार्गको स्तरोन्नतिका लागि आवश्यक व्यवस्था मिलाएको छु।

६०. ब्याक टु नेचर र ब्याक टु कल्चर अभियान सञ्चालन गरी आन्तरिक पर्यटन प्रर्वधन गर्न स्थानीय समुदायको रैथाने खाना, लोक संगित र नृत्य जस्ता मौलिक परम्परा र संस्कृतिको संरक्षण तथा पुस्तान्तरण मार्फत प्राकृतिक जीवनशैलीको अवलम्वनका लागि पदमार्ग निर्माण, घरवास संस्कृति (होमस्टे) प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

६१. गौतम वुद्धको जन्मस्थल लुम्विनीलाई आरोग्य स्थलको रुपमा समेत विकास गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न नेपाल सरकार, लुम्विनी विकास कोष, स्थानीय तह तथा सरोकारवालाहरुसँग सहकार्य गरिनेछ।

६२. छोडीएका चौपाया गाई गोरुको व्यवस्थापन तथा पशु अधिकार संरक्षणका लागि कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिकामा रहेको मधुवन गौशालाको लागि रु. ७५ लाख विनियोजन गरेको छु।

६३. प्रदेशमा रहेका सहिद पार्क, जेष्ठ नागरिक पार्क, पदमार्ग, संग्रहालय, धर्मशाला, गुम्बा, पोखरी, ताल, गुफा, मन्दिर, मस्जिद, मदरसा तथा मनोरम उद्यानहरुको संरक्षण र सम्वर्धनका लागि रु ४० करोड विनियोजन गरेको छु।

६४. उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका लागि रु १ अर्व ८४ करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**शिक्षा तथा सामाजिक विकास**

६५. लुम्बिनी प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र सहितको भौतिक, शैक्षिक तथा प्रविधिजन्य पूर्वाधार र व्यवस्थापनका लागि रु. ११ करोड विनियोजन गरेको छु । यसबाट उच्च शिक्षामा प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरूमा विश्वस्तरमा विकसित कृत्रिम बौद्धिकता, रोबोटिक्स लगायतका नविनतम प्रविधिलाई उपयोग गर्दै नवप्रवर्तनीय क्षमता विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।